# विनियोजन विधेयक, २०७३ का

# सिद्धान्त र प्राथमिकता

नेपाल सरकार
अर्थ मन्त्रालय
वैशाख, २०७३

व्यवस्थापिका-संसद्को कार्यसञ्चालन नियमावली, २०७० को नियम ८९ को उपनियम (२) बमोजिम

# अर्थमन्त्री बिष्णुप्रसाद पौडेलले व्यवस्थापिका-संसद्मा पेश गर्नु भएको विनियोजन विधेयक, २०७३ का सिद्धान्त र प्राथमिकता

नेपाल सरकार
अर्थ मन्त्रालय
वैशाख, २०७३

**सम्माननीय सभामुखज्यू,**

१ व्यवस्थापिका-संसद्‌को कार्यसञ्चालन नियमावली, २०७० को नियम ८९ को उपनियम (२) बमोजिम यस सम्मानित व्यवस्थापिका-संसद् समक्ष विनियोजन विधेयक, २०७३ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दछु।

२ हामी संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछिको पहिलो बजेट तर्जुमाको क्रममा छौं। संविधानले निर्देशित गरेको समाजवाद उन्मुख स्वतन्त्र, आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको विकास गर्नु बजेटको मुख्य सिद्धान्त हुनेछ। संघीय प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीय तहबाट प्रयोग हुने आर्थिक अधिकारहरू र स्रोत साधन परिचालनसम्बन्धी संवैधानिक व्यवस्थाहरूलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा आत्मसात् गरिनेछ।

३ आर्थिक विकास र समृद्धि सिंगो राष्ट्रको साझा र प्रमुख कार्यसूची हो। सम्पूर्ण स्रोत साधन, सामर्थ्य र प्रयासहरू यसै उद्देश्य प्राप्तितर्फ केन्द्रित गरिनेछ।

४ संविधानले निर्देश गरेका दायित्वहरू र जनताका आकाँक्षाहरूलाई सम्बोधन गर्न स्रोत साधनको अभाव र कानूनी एवं प्रक्रियागत जटिलता देखाई कुनै प्रकारको विलम्व गर्न पाइने सुविधा हामीलाई छैन। तत्कालीन र दीर्घकालीन लाभ प्राप्तिको स्पष्ट मार्गचित्र बनाई कार्यान्वयन गर्नुको विकल्प छैन। प्रस्तुत सन्दर्भमा,

आगामी आर्थिक वर्षदेखि एक दशकभित्र विभिन्न चरणमा सम्पन्न गर्दै जाने कार्यहरूका प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्ने अठोट सरकारले गरेको छ। विनियोजन विधेयक, २०७३ ले यसै मार्गचित्रलाई विशेष ध्यान दिनेछ। यो मार्गचित्र कार्यान्वयन गर्दा "निजी क्षेत्रमैत्री, सहभागितामूलक, समाजवाद उन्मुख आर्थिक विकास" को मौलिक सिद्धान्तलाई अवलम्वन गरिनेछ।

**सम्माननीय सभामुखज्यू,**

**म विनियोजन विधेयक, २०७३ का सिद्धान्तहरू प्रस्तुत गर्दछु।**

**५ उच्च आर्थिक वृद्धि प्रारम्भ (किक स्टार्ट) गर्न रणनीतिक आयोजना केन्द्रित लगानी**

जलविद्युत उत्पादन एवं प्रसारण लाइन, राजमार्ग, विमानस्थल, सिँचाइ नहर जस्ता रणनीतिक महत्त्वका ठूला पूर्वाधार आयोजनाहरूमा लगानी वृद्धि गरिनेछ। विनियोजित लगानीको सक्षमतापूर्वक उपयोग हुने गरी विशेष प्रबन्ध मिलाइनेछ। आगामी एक दशकको अवधिलाई **आर्थिक वृद्धिको दशक** घोषणा गरिनेछ। आर्थिक वर्ष २०७३/७४ देखि २०७५/७६ सम्मको अवधिलाई आर्थिक वृद्धिको साहसिक प्रारम्भ चरण, २०७६/७७ देखि २०७८/७९ सम्मको अवधिलाई उत्साहजनक रूपान्तरणको चरण, २०७९/८० देखि २०८१/८२ सम्मको अवधिलाई दोहोरो अंकको आर्थिक

वृद्धिको चरण र २०८२/८३ देखि दिगो आर्थिक वृद्धिको चरणमा वर्गीकरण गरी योजनावद्ध रूपमा आर्थिक वृद्धिका कार्यक्रमहरू कार्यान्वयन हुनेछन्। यसबाट चक्रीय वृद्धिको नभई ऊर्ध्वगतिशील (स्पाइरल अपवार्ड) प्रकृतिको आर्थिक वृद्धि हासिल हुने विश्वास लिएकोछु।

## ६ कृषि, उद्योग र पर्यटन लगायतका सेवा क्षेत्रहरूको आधुनिकीकरण र व्यवसायीकरण

कृषि, उद्योग र पर्यटन लगायतका सेवा क्षेत्रहरू नेपाली अर्थतन्त्रको आर्थिक वृद्धिका संवाहक क्षेत्र हुन्। यी क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न आधुनिक ज्ञान, प्रविधि, यन्त्र उपकरण र व्यवसायिकताको प्रयोग बढाउन निजी तथा सहकारी क्षेत्रलाई उत्प्रेरित गरिनेछ। करार खेतीलाई प्रवर्द्धन गरिनेछ। साना तथा मझौला उद्योगहरूलाई पुनर्जीवन दिने र प्रवर्द्धन गर्ने कार्यक्रमहरू ल्याइनेछ। उपलब्ध प्राकृतिक र मानवीय स्रोत साधन, तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताको उपयोग गर्न आधुनिकीकरण र व्यवसायीकरणको अभियान प्रारम्भ गरिनेछ। कुनै पनि स्रोत साधनलाई उपयोग विहीन अवस्थामा रहन दिइने छैन। अर्थतन्त्रको संरचनात्मक परिवर्तनको लागि श्रृङ्खलावद्ध नीति तथा योजनाहरू सञ्चालन गरिनेछ।

## ७ उत्प्रेरक व्यवसायिक वातावरणः उत्साहजनक लगानी

ठूला उद्योग व्यवसायका लागि आवश्यक पर्ने विद्युत लगायतका अन्य पूर्वाधार सेवाहरू विशेष व्यवस्था गरी उपलब्ध गराइनेछ। उद्योग व्यवसायको दर्ता, खारेजी र दायित्व फरफारकका सम्पूर्ण चरणहरूलाई सरल, स्पष्ट र पारदर्शी बनाइनेछ। नीतिगत स्पष्टता र शासकीय सुधारमार्फत् व्यावसायिक लागत घटाइनेछ। योग्यताका आधारमा छनौट एवं कार्यसम्पादनका आधारमा वृत्ति विकास, उपयुक्त ज्याला र श्रमिक-कल्याणसहितको श्रम बजारको विकास गरिनेछ। “अनुशासित श्रमिक, अनुशासित व्यवस्थापक, अनुशासित उत्पादन प्रणाली र प्रवर्द्धक, नियामक एवं अभिभावक-सरकार" को नीति अवलम्वन गरिनेछ।

## ८ सरकारी, निजी र सहकारी क्षेत्रको समन्वयात्मक परिचालनबाट तीव्र आर्थिक विकास

(क) उत्पादनका क्षेत्रमा सम्भाव्यता र प्रभावकारिताको आधारमा सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई अधिकतम परिचालित हुने अवसरको सिर्जना गरिनेछ।

(ख) सरकार नियामक र लोककल्याणकारी भूमिकामा रहनेछ। निजी क्षेत्रलाई सामाजिक जिम्मेवारीसहित उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। सामाजिक व्यवसायसहितको समावेशी उत्पादन र

वितरणको भूमिकामा सहकारी क्षेत्रको प्रवर्द्धन गरिनेछ। आम जनताहरूलाई विकास प्रक्रियामा प्रत्यक्ष लगानी गर्न उत्प्रेरक वातावरण सिर्जना गरिनेछ।

## ९ शिक्षा, स्वास्थ्य र खानेपानी सेवाको विस्तार एवं गुणस्तरमा सुधार

(क) आधारभूत शिक्षा, स्वास्थ्य, सरसफाइ र खानेपानी सेवाहरूलाई सर्वसुलभ बनाउन अवधि तोकी कार्यक्रम ल्याइनेछ।

(ख) सामाजिक क्षेत्रमा प्रदान गरिने सेवाहरूको माग, सेवा प्रदान गर्न लाग्ने स्रोत साधन, सेवाका गुणस्तरका सूचकहरू, सेवा प्रदायक संस्था र सेवा प्रवाह गर्ने समयसहितको स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। सेवा प्रदायक संस्था र सेवाग्राहीको जिम्मेवारी र उत्तरदायित्व पूरा भए नभएको अनुगमन गर्न पारदर्शी प्रणाली स्थापना गरिनेछ।

## १० सामाजिक संरक्षणः राज्यको दायित्व

(क) सामाजिक सुरक्षा, लक्षित वर्गलाई राहत एवं उत्थान, सामाजिक बीमा, बेरोजगारी र श्रमिक-कल्याणका कार्यक्रमहरू सञ्चालन गर्दा सामाजिक रूपान्तरण र आर्थिक विकासमा पुग्ने योगदानलाई आधार मानिनेछ।

(ख) खर्च धान्न सक्ने क्षमता र कार्यक्रमको दिगोपनालाई विश्लेषण गरी सामाजिक न्याय र मानव विकासमा लगानी प्रवाह गर्ने कार्यलाई सरकारले महत्त्व दिनेछ।

(ग) गरिबी र पछौटेपन निवारणका लागि लक्षित वर्गहरू पहिचान गरी आय आर्जन र सामाजिक क्षेत्रका कार्यक्रमहरू समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ।

## ११ सबैका लागि विकास

सबै नेपालीको समान अधिकार, समान अवसर, उत्तिकै सुरक्षा एवं उत्तिकै सम्मान हुने गरी आर्थिक र सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। वर्गीय, लैङ्गिक, जातीय तथा क्षेत्रीय लगायतका सबै विभेद र असमानताको अन्त्य गरी समतामूलक समाजको स्थापनामा जोड दिइनेछ।

## १२ सन्तुलित विकास

(क) विकासको सम्भावना र प्राप्त हुने प्रतिफललाई आधार मानेर विभिन्न प्रदेश, वर्ग, व्यवसाय र समुदायको सन्तुलित विकासलाई केन्द्रमा राखी विकास आयोजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(ख) कृषि, उद्योग र सेवा क्षेत्र तथा भौतिक पूर्वाधारलाई एक अर्काका परिपूरकको रूपमा विकास र विस्तार गरिनेछ। संघ-प्रदेश, प्रदेश-प्रदेश र स्थानीय-स्थानीय तहमा वित्तीय सन्तुलन (फिस्कल इक्वलाइजेसन्) कायम गरिनेछ। विकास र वातावरणलाई एक अर्काको प्रवर्द्धकको रूपमा प्रयोग गरिनेछ। दिगो विकास, विकास व्यवस्थापनको आधार हुनेछ।

## १३ वैज्ञानिक भू-उपयोग

(क) भूमि र भूमि स्रोतको समुचित उपयोगलाई सुनिश्चित गरिनेछ।

(ख) उपयोगका आधारमा भूमिको वर्गीकरण गरी निर्दिष्ट प्रयोगका लागि निर्धारित भूमि अन्य प्रयोजनमा प्रयोग गर्न निषेध गरिनेछ।

## १४ व्यापार विविधीकरण र विश्वसनीय आपूर्ति प्रणाली

(क) अन्तर्राष्ट्रिय व्यापारलाई विविधीकरण गरिनेछ। व्यापारिक गन्तव्यहरू बढाउन थप मुलुकहरूसँग द्विपक्षीय व्यापार सम्झौता गरिनेछ। व्यापारयोग्य वस्तु तथा सेवाहरूको उत्पादन वृद्धि गरिनेछ।

(ख) वस्तु र सेवाको सहज आपूर्तिको लागि द्विपक्षीय र बहुपक्षीय प्रबन्ध मिलाइनेछ। खाद्यान्न, औषधि तथा इन्धनको भण्डारण क्षमता वृद्धिका लागि पूर्वाधारको विकास गरिनेछ।

## १५ बजेट प्रणालीमा सुधार

(क) वित्तीय संघीयता (फिस्कल फेडरलिजम्) कार्यान्वयनका लागि आवश्यक कानुनी र संस्थागत प्रबन्ध गरिनेछ।

(ख) नीति, कार्यक्रम र नतिजाका आधारमा बजेट बाँडफाँट गरिनेछ।

(ग) अनुत्पादक खर्च कटौती र नयाँ स्रोतको खोजी गरी पुँजी निर्माणको लागि थप वित्तीय साधन उपलब्ध गराइनेछ।

(घ) बजेट विनियोजन, बजेट खर्च र भौतिक उपलब्धिको जिम्मेवारी एवं उत्तरदायित्व यकिन हुने पारदर्शी प्रणाली स्थापना गरिनेछ।

## १६ स्रोत व्यवस्थापन

(क) संघीय वित्त प्रणालीको सवलीकरणका लागि संघीय वित्तका संरचना तयार गरिनेछ। लगानीको वातावरण अनुकूल हुने गरी कर प्रणालीमा सुधार, स्वेच्छिक कर सहभागितामा वृद्धि, कराधारको संरक्षण र करको दायरा वृद्धि गरी आन्तरिक स्रोतको दिगो परिचालन गरिनेछ।

(ख) भूकम्प र आपूर्ति असहजताबाट क्षति भएका व्यवसाय र आर्थिक क्रियाकलापलाई पुनर्जीवन दिन वित्तीय उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(ग) अन्तर्राष्ट्रिय आर्थिक सहायतालाई राष्ट्रिय प्रणालीमार्फत राष्ट्रिय प्राथमिकता र संघीय आवश्यकताका क्षेत्रमा अधिकतम लाभ लिने गरी परिचालन गरिनेछ।

(घ) छिमेकी मित्र राष्ट्रहरू र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारहरूबाट विकासका प्राथमिकताका क्षेत्रमा सहायता जुटाउन आर्थिक कूटनीतिलाई सक्रिय बनाइनेछ।

## १७ आयोजना कार्यान्वयनमा सुधार

(क) आयोजनाका सम्पूर्ण क्रियाकलापहरू परिभाषित गरिनेछ।

(ख) क्रियाकलाप सम्पन्न हुनको लागि लाग्ने स्रोत र समय यकिन गरिनेछ।

(ग) आवश्यक पर्ने बजेटको प्रत्याभूति गरिनेछ। आयोजना सम्पन्न गर्नको लागि समय र लागत थप गरिने छैन।

(घ) आयोजनाका व्यवस्थापकहरूको नियुक्ति, कार्यसम्पादन करार, अख्तियारी, जिम्मेवारी र उत्तरदायित्व एवं कार्यसम्पादनका सम्बन्धमा स्पष्ट व्यवस्था गरिनेछ।

(ङ) आयोजना कार्यान्वयनको जटिलता र ढिलासुस्ती हटाउन नीतिगत र कानूनी सुधार गरिनेछ।

(च) **अनुगमन विशेष कक्ष**को व्यवस्था गरी रणनीतिक महत्त्वका आयोजनाहरूको अनुगमनलाई प्रभावकारी बनाइनेछ। हालको अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सुधार गरिनेछ।

(छ) निर्धारित नतिजा प्राप्त गर्ने आयोजना प्रमुखलाई पुरस्कृत गरिनेछ। नतिजा प्राप्त गर्न नसक्ने आयोजना प्रमुखलाई सजाय गरिनेछ।

## १८ आर्थिक तथा वित्तीय क्षेत्र सुधार

(क) आर्थिक वृद्धि र विकासका सम्भावनाहरूलाई साकार पार्दै आत्मनिर्भर र प्रतिस्पर्धी अर्थतन्त्रको निर्माणतर्फ आर्थिक सुधारलाई केन्द्रित गरिनेछ।

(ख) राष्ट्रिय अर्थतन्त्रलाई छिमेकी, क्षेत्रीय र विश्व अर्थतन्त्रबाट लाभ लिन सक्षम अन्तर्निर्भर अर्थतन्त्रमा रूपान्तरण गर्न आवश्यक सुधार गरिनेछ।

(ग) बैंक तथा वित्तीय क्षेत्रलाई राष्ट्रिय विकासका प्राथमिकता अनुकूल हुनेगरी परिचालित हुन उत्प्रेरित गरिनेछ। उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोगी हुने गरी लगानी गर्न वित्तीय क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

## १९ समष्टिगत आर्थिक स्थायित्व

(क) संघीय वित्त सन्तुलन कायम राख्न बजेट घाटालाई निश्चित सीमामा राखिनेछ। आन्तरिक तथा वाह्य ऋण उत्पादनशील र रणनीतिक महत्त्वका पूर्वाधार

आयोजनाहरूमा उपयोग गरिनेछ। मूल्य स्थिरता कायम गर्न मौद्रिक उपकरण र प्रशासनिक नियमनहरूको अवलम्वन गरिनेछ।

(ख) उत्पादन वृद्धि गरी आयात घटाउन र निर्यात बढाउन प्रयत्न गरिनेछ। व्यापार घाटा नियन्त्रण गर्दै अनुकूल भुक्तानी सन्तुलन कायम गरिनेछ।

## २० आकस्मिक संकट व्यवस्थापन गर्न सक्षम अर्थतन्त्रको निर्माण

(क) भूकम्प, बाढी पहिरो, आगलागी, खडेरी जस्ता प्रकोपका समयमा खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, ऊर्जा सुरक्षा, इन्धन सुरक्षा, आवागमन र सञ्चार सम्पर्कको लागि विशेष व्यवस्था गरिनेछ।

(ख) आर्थिक र गैर आर्थिक अवरोधहरूका बावजुद अर्थतन्त्रलाई अविचलित र गतिशील बनाउन आन्तरिक क्षमता सुदृढ गर्नुका साथै वैकल्पिक उपायहरूको खोजी गरिनेछ।

## २१ दह्रो, प्रभावकारी र जवाफदेही राज्य प्रणाली

राज्यका सबै संस्थाहरूको क्षमता विकासका लागि आवधिक कार्ययोजना बनाइनेछ। निरन्तर अनुसन्धान, उत्कृष्ट अभ्यासको प्रयोग र सूचना प्रविधिको प्रयोगका माध्यमबाट स्तरीय सार्वजनिक सेवा तोकिएको समयमा सहज रूपले प्रवाह गर्न सुधार कार्ययोजना ल्याइनेछ।

**सम्माननीय सभामुखज्यू,**

**अब, म विनियोजन विधेयक, २०७३ का प्राथमिकताहरू प्रस्तुत गर्दछु।**

## २२ संविधानको कार्यान्वयन

संघीयता कार्यान्वयनका लागि आवश्यक संरचनाहरूको निर्माण गरिनेछ। संविधानले व्यवस्था गरेका मौलिक हक, निर्देशक सिद्धान्त, नीति र दायित्वहरूलाई गतिशील ढंगले कार्यान्वयन गर्दै लगिनेछ। विभिन्न तहका निर्वाचनका लागि आवश्यक तयारी र बजेटको व्यवस्था मिलाइनेछ। संविधानबमोजिम नयाँ तर्जुमा गर्नुपर्ने कानुनका विधेयकहरू व्यवस्थापिका-संसद्मा प्रस्तुत गरिनेछ।

## २३ पुनर्निर्माण, पुनर्स्थापना र पुनरुत्थान

भूकम्पबाट क्षति पुगेका निजी आवासहरूको पुनर्निर्माणको कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ। सुरक्षित बसोबासको लागि एकीकृत आधुनिक बस्तीहरूको विकास गरिनेछ। स्वास्थ्य चौकी, विद्यालय भवन, सरकारी भवनहरू, स्थानीय पूर्वाधारहरू र साँस्कृतिक एवं पुरातात्विक महत्त्वका संरचनाहरूको पुनर्निर्माणलाई महत्त्वकासाथ अघि बढाइनेछ। भूकम्प र आपूर्ति प्रणालीमा आएको अवरोधले शिथिल पारेको अर्थतन्त्रको पुनरुत्थानका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## २४ रणनीतिक भौतिक पूर्वाधारहरूको निर्माण

राजमार्ग, विमानस्थल, विद्युत उत्पादन एवं प्रसारण लाइन र सूचना तथा सञ्चार प्रणाली जस्ता सम्पर्क-सम्बन्ध-प्रसारण (कनेक्टिभिटी) का आधारभूत माध्यमहरूको निर्माण, स्तरोन्नति र आधुनिकीकरणमा विशेष जोड दिइनेछ। राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशकको कार्ययोजना कार्यान्वयन गरिनेछ। समृद्ध नेपालका लागि सडक तथा यातायात विकासको रणनीतिक योजना कार्यान्वयन गरिनेछ। रोजगारी सिर्जना, आर्थिक क्रियाकलापमा विस्तार, आर्थिक वृद्धि र सन्तुलित विकासमा सहयोग पुग्ने गरी पूर्वाधारहरूको विकास गरिनेछ। संघ र प्रदेश तथा प्रदेश-प्रदेश बीचको सम्पर्क-सम्बन्ध-प्रसारण (कनेक्टिभिटी) लाई सहज हुने गरी भौतिक पूर्वाधार निर्माण कार्य प्रारम्भ गरिनेछ।

## २५ आर्थिक वृद्धिका संवाहक क्षेत्र (ग्रोथ च्यानल) हरूमा रूपान्तरण

कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि क्षेत्र विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। उद्योग, कल-कारखानाहरूको स्थापना र सञ्चालनसम्बन्धी नीति, कानुन र प्रक्रियामा सुधार गरिनेछ। नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास र बजारीकरण गरिनेछ। हवाई सेवा उद्योगको विकास गरिनेछ।

## २६ सामाजिक क्षेत्र

व्यवसायिक शिक्षा र सीप विकासका विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। गुणस्तरीय शिक्षाको लागि शिक्षकको क्षमता वृद्धि, पाठ्यक्रम र शैक्षिक प्रशासनमा सुधार गरिनेछ। गाउँ-गाउँमा दक्ष चिकित्सक पुऱ्याउने र गुणस्तरीय औषधिको निरन्तर आपूर्ति व्यवस्था मिलाउन विस्तृत योजना तयार गरी कार्यान्वयन गरिनेछ। आधुनिक र विशेष स्वास्थ्य सेवा स्वदेशमै उपलब्ध गराउन आवश्यक पूर्वाधार निर्माण प्रारम्भ गरिनेछ। गुणस्तरीय खानेपानीलाई सर्वसुलभ बनाउन क्षेत्र विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## २७ श्रम बजारमा सुधार

भौतिक पूर्वाधारका आयोजनाहरू र कृषि, उद्योग, पर्यटन लगायतका सेवा क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरूको लागि आवश्यक पर्ने सीपयुक्त श्रमिकको माग पूर्ति गर्न व्यवसायिक शिक्षा र सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। श्रमको माग र आपूर्तिलाई सीमान्त उत्पादकत्व वृद्धि र श्रमिकहरूको हित बीच सन्तुलन कायम हुने गरी व्यवस्थापन गरिनेछ। वैदेशिक रोजगारीलाई मर्यादित र व्यवस्थित बनाइनेछ।

## २८ निजी क्षेत्रको विकास

ठूला उत्पादनमूलक उद्योग सञ्चालन गर्न भौतिक पूर्वाधार, जग्गा, निर्दिष्ट विद्युत लाइन, निर्माण सामग्री, कच्चापदार्थ र सुरक्षित वातावरण उपलब्ध गराउन विशेष कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ। उद्यमशीलता विकासको लागि अनुसन्धान र नवप्रवर्तनमा सरकारी निजी साझेदारीमा लगानी बढाइनेछ।

## २९ आधुनिक सहरहरू र ठूला प्रशासनिक भवनहरूको निर्माण

आधुनिक पूर्वाधारयुक्त, सूचना प्रविधिमैत्री, उच्च शिक्षा र अत्याधुनिक स्वास्थ्य सुविधासहितको आकर्षक, मनोरम र हरित 'स्मार्ट सहरहरू' को विकासका लागि पूर्वाधार तयारीका कार्यहरू अगाडि बढाइनेछ। बहुउद्देश्यीय र सरकारी ठूला भवनहरूको निर्माण प्रारम्भ गरिनेछ।

## ३० सामाजिक संरक्षणमा एकीकृत प्रणालीको विकास

सामाजिक संरक्षण अन्तर्गत उपलव्ध गराइने तोकिएका सेवा सुविधाहरू लक्षित वर्ग वा व्यक्तिले उपयुक्त समयमा सहज रूपले प्राप्त गर्न सक्ने प्रणालीको विकास गरिनेछ।

## ३१ दिगो विकासको लक्ष्य प्राप्ति

प्रति व्यक्ति कुल राष्ट्रिय आय, मानव सम्पत्ति सूचक र आर्थिक जोखिम सूचकहरूमा सुधार ल्याई सन् २०२२ सम्म नेपाललाई अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्न र सन् २०३० सम्ममा दिगो

विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्ने आर्थिक तथा सामाजिक क्षेत्रका कार्यक्रमहरूलाई महत्त्वका साथ कार्यान्वयन गरिनेछ। वातावरणीय सन्तुलन कायम राख्ने र विश्वव्यापी मौसम परिवर्तनको प्रतिकूल प्रभाव कम गर्न अनुकूलनसम्बन्धी कार्यक्रम तर्जुमा गरिनेछ।

### ३२ शान्ति प्रक्रिया

शान्ति प्रक्रियाका बाँकी कार्यहरू सम्पन्न गरिने छन्।

### ३३ निरन्तर सुधार

सरकारका सबै निकायहरूको कार्यसम्पादनलाई प्रभावकारी बनाउन क्षेत्रगत विशेष सुधारहरू र आयामिक रूपान्तरण (पाराडायम सिफ्ट) गर्ने आधारभूत सुधारहरूलाई योजनावद्ध रूपले अघि बढाइनेछ। उत्कृष्ट नतिजा प्राप्त गर्ने संस्था र जनशक्तिको उच्च मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ। पुरस्कार र सजायको नयाँ व्यवस्थाहरू तर्जुमा गरिनेछ।

**सम्माननीय सभामुखज्यू,**

३४ मैले यस सम्मानित व्यवस्थापिका-संसद् समक्ष प्रस्तुत गरेका विनियोजन विधेयकका सिद्धान्त, प्राथमिकता र उच्च दरको आर्थिक वृद्धिको खाकाले आगामी आर्थिक वर्षलाई संविधानले निर्दिष्ट गरेका राज्यका दायित्वहरू पूरा गर्ने, आत्मनिर्भर, प्रतिस्पर्धी, गतिशील अर्थतन्त्रको निर्माण

गर्ने एवं सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माण गर्ने यात्रातर्फको **प्रस्थान वर्ष** बनाउने विश्वास लिएकोछु।

**सम्माननीय सभामुखज्यू,**

३५ मैले प्रस्तुत गरेका विनियोजन विधेयक, २०७३ का सिद्धान्त र प्राथमिकताका सम्बन्धमा माननीय सदस्यहरूले गहन छलफल गरी रचनात्मक सुझाव दिनु हुनेछ भन्ने विश्वास गरेकोछु। माननीय सदस्यहरूबाट प्राप्त हुने सुझावहरूलाई आगामी आर्थिक वर्षको वजेट निर्माणका लागि मार्गदर्शनका रूपमा ग्रहण गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

धन्यवाद।